जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : *mgnd2070@gmail.com*

बर्ष: १३, अंक: १८४ पृष्ठ: ४ **२०८३ कार्तिक २७ शुक्रबार** (Friday 13 Nov. 2026) **मूल्य रु. ५।-** *इमेल :* mgnd2070@gmail.com

गरिब परिवारका छठ व्रतालुलाई सारी वितरण



मणिलाल विश्वकर्मा

सिरहा, २६ कार्तिक। सिरहाको लहान नगरपालिकाले गरिब परिवारका छठ व्रतालुहरूलाई सारी वितरण गरेको छ। नगरप्रमुख महेशप्रसाद चौधरीले बिहीबार लहान वडा नं १४ बस्तीपुर, वडा नं २४ माणिकदह झुट्की र मलहन्मास्थित मुसहर बस्तीका ८० जना छठ पर्वका व्रतालु महिलाहरूलाई सारी वितरण गरेका हुन्।

स्थानीयको मागको आधारमा लहानस्थित दुर्गा मन्दिरमा भक्तजनले चढाएका सारीहरू समितिमार्फत प्राप्त गरी बिपन्न बस्तीका छठ पर्वका व्रतालु महिलाहरूलाई बाँडिएको उनले बताए। नगरपालिकाबाट थप सारी वितरण गरिने उनले बताए। 'आर्थिक रूपले सबल भएकाहरूले आफ्ना घरका छठ व्रतालुलाई नयाँ वस्त्र किनिदिन कुनै समस्या नहोला' उनले भने 'तर मजदुरी गरेर खाने परिवारका महिलाहरूलाई पूजाका लागि नयाँ वस्त्र किनिदिन समस्या हुने भएकाले नगरपालिकाको पहलमा एक-एक थान सारी वितरण गरिएको हो।'

आफ्ना सन्तानको दीर्घायु, सुस्वास्थ्यका लागि मनाइने छठ पर्वमा व्रतालुहरूले नयाँ वस्त्रसहित पूजा अर्चनासहित दुई दिन कठोर व्रत बसेर कात्तिक शुक्ल षष्ठीका दिन स्थानीय नदी, तलाउन पोखरीमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर पुनः भोलिपल्ट उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ समापन गरिन्छ। नगरप्रमुख चौधरीले पछिल्ले चार वर्षदेखि निरन्तर व्यक्तिगत र संस्थागत पहलमा गरिब तथा विपन्न बस्तीहरूमा छठ पर्वका व्रतालुहरूलाई सारी वितरण गर्दै आएको बताए।

टिकटक कमाइबाट मिर्गौलापीडितलाई सहयोग



जनार्जन खत्री

सर्लाही, २६ कार्तिक। सर्लाहीको ईश्वरपुर नगरपालिका-१२, घारिबथान निवासी मिर्गौलापीडित बहादुरे भन्ने वीरबहादुर स्याङतानलाई आर्थिक सहयोग गरिएको छ। घारिबथान घर भइ हाल वैदेशिक रोजगारीको शिलशिलामा जापानमा रहनुभएकी सुमी क्षेत्रीले दुवै मिर्गौला (किड्नी) फेल भएका स्याङतानलाई ५० हजार रुपियाँ सहयोग उपलब्ध गराउनुभएको हो।

क्षेत्रीले जापानबाट पठाइदिनुभएको रकम भाइटीकाको दिन पारेर बुधबार दिउँसो स्याङ्तानको घरमै पुगेर हस्तान्तरण गरिएको घारिबथानका युवा हेमन्त बुढाथोकीले जानकारी दिनुभयो। क्षेत्रीकी आमा दुर्गादेवि थापा, श्रीमान राजन बुढाथोकी र गाउँका युवाको उपस्थितिमा मिर्गौलापीडित स्याङ्तानलाई सहयोग रकम प्रदान गरिएको हो। गाउँकी चेली सुमी क्षेत्रीले टिकटकबाट भएको कमाइको केही अङ्शबाट मिर्गौला पीडितलाई सहयोग रकम पठाइदिएकाले आफूहरु बिरामीको घरमै पुगेर पैसा हस्तान्तरण गरेको नेकपा (एमाले) ईश्वरपुर-१२ का अध्यक्ष ईश्वर चापागाईले बताउनुभयो।

सुमी क्षेत्रीकी आमा तारादेवी थापाले छोरीले एक विपन्न र मिर्गौला फेल भएर थलिएका व्यक्तिलाई सहयोग गरेर मानवताको उदाहरण प्रस्तुत गरेकोप्रति खुसी व्यक्त गर्नुभयो। सुमीका श्रीमान राजन बुढाथोकीले टिकटकबाट भएको आम्दानीबाट श्रीमतीले यस प्रकारको सामाजिक कार्य गर्दै आइरहेको बताउनुभयो।

विपन्न वर्गका वीरबहादुरको दुवै मिर्गौला फेल भएर उपचारमै समस्या परेपछि आफूहरुले गाउँमै चन्दा उठाएर तथा देश, विदेशमा रहेका मनकारी व्यक्तिहरुबाट आर्थिक सहयोग संकलन गरेको घारिबथानका युवा मनिष चौहानले जानकारी दिनुभयो। ३८ वर्षीय वीरबहादुरले महोत्तरीको बर्दीवासस्थित एक निजी अस्पतालमा पुगेर नियमित रुपमा मिर्गौला डायलाइसिस गराउँदै आउनुभएको छ। नगर अस्पताल ईश्वरपुरसहित अन्य सरकारी अस्पतालमा डायलाइसिसका लागि पालो नपाउँदा एक पटकमा तीन हजार ५०० रुपियाँ भन्दा बढी खर्च गरेर हप्तामा दुई पटक मिर्गौला डायलाइसिस गराउँदै आएको वीरबहादुरले बताउनुभयो।

कारागारबाट फरार कैदीबन्दी पाँच घण्टामै समातिए

वीरगन्ज, २६ कार्तिक। वीरगन्ज कारागारबाट हाम फालेर फरार कैदी समातिएका छन्। पर्साका डीएसपी चक्रबहादुर मल्लको नेतृत्वमा खटिएको टोलीले सुनिल साह तुरहालाई करिब पाँच घण्टामै पक्राउ गर्न

-बाँकी तीन पेजमा

खोलामा खाल्डो खनेर लुकाएको २३१ किलो गाँजा बरामद



सप्तरी, २६ कार्तिक। खाल्डोभित्र लुकाएर राखिएको सप्तरीको बलान बिहुल गाउँपालिका-४ स्थित बलान खोलाबाट प्रहरीले ठूलो परिमाणमा गाँजा बरामद गरेको छ। खोलाको बीचमा खाल्डो खनेर लुकाइएको अवस्थामा २३१ किलो ८०० ग्राम गाँजा फेला परेको हो। सिरहा र सप्तरीको सिमानामा पर्ने बलान खोलामा गाँजा लुकाइएको विशेष सूचनाका आधारमा प्रहरीले गए राति करिब १ बजे खोजतलास गरेको थियो। त्यस क्रममा गाँजाजस्तो देखिने पदार्थ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। प्रहरीका अनुसार गाँजा लुकाइएको स्थानमा भने कोही पनि व्यक्ति फेला परेनन्। बरामद पदार्थको विषयमा थप अनुसन्धान भइरहेको छ। सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक वासुदेव पाठकले विभिन्न नदी तथा खोलाको बाटो प्रयोग गरी गाँजा भारततर्फ तस्करी हुने गरेको बताए।

बिरयानी हाउसलाई दुई लाख जरिवाना

पर्सा, २६ कार्तिक। खानामा मरेको साङ्लो फेला परेपछि रु दुई लाख जरिवाना गरिएको छ। वीरगञ्ज-२ छपकैयास्थित सामा मुरादावादी एन्ड हैदरावादी बिरयानी हाउसलाई उक्त जरिवाना तोकिएको हो। ग्राहकले खाइरहेको खानामा मरेको साङ्लो फेला परेको थियो। खाद्य स्वच्छता तथा गुणस्तर

-बाँकी तीन पेजमा

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

एआईको बढ्दो लगानी र वित्तीय जोखिम

कृत्रिम बुद्धिमत्ता (एआई) अहिले विश्व अर्थतन्त्र र प्रविधि विकासको प्रमुख आधार बन्दै गएको छ। शिक्षा, स्वास्थ्य, व्यापार, सञ्चार, अनुसन्धानदेखि औद्योगिक उत्पादनसम्म यसको प्रयोग विस्तार भइरहेको छ। एआईले मानव जीवनलाई सहज बनाउने र उत्पादन क्षमता वृद्धि गर्ने सम्भावना देखाएसँगै विश्वका ठूला प्रविधि कम्पनीहरू यस क्षेत्रमा ठूलो लगानी गरिरहेका छन्। तर पछिल्लो समय एआई क्षेत्रमा भइरहेको अर्बौं डलरको लगानी र कम्पनीहरूको बढ्दो बजार मूल्यले एउटा गम्भीर प्रश्न जन्माएको छ– के एआईको नाममा अर्को वित्तीय बबल निर्माण भइरहेको छ ?

सन् २००० मा इन्टरनेट प्रविधिप्रतिको अत्यधिक उत्साहका कारण डट–कम बबल सिर्जना भएको थियो। त्यतिबेला इन्टरनेटमा आधारित कम्पनीहरूको सेयर मूल्य वास्तविक आम्दानी र व्यावसायिक क्षमताभन्दा निकै माथि पुगेको थियो। भविष्यमा ठूलो नाफा कमाउने अपेक्षामा लगानीकर्ताले अन्धाधुन्ध लगानी गरे। तर अपेक्षाअनुसार आम्दानी हुन नसकेपछि धेरै कम्पनी धराशायी भए। नास्डाक सूचक ७७ दशमलव नौ प्रतिशतसम्म घट्यो। यद्यपि त्यसपछि इन्टरनेट प्रविधिको विकास रोकिएन। यसले प्रविधिको सम्भावना र त्यसमा गरिएको लगानीको औचित्य फरक विषय हुन् भन्ने पाठ दिएको छ।

अहिले एआई क्षेत्रमा पनि यस्तै परिस्थिति दोहोरिन सक्ने आशंका बढेको छ। ओपनएआई, गुगल, माइक्रोसफ्ट, मेटा, अमेजन, एनभिडिया र एन्थ्रोपिकजस्ता कम्पनीले एआई मोडल, चिप, डेटा सेन्टर र क्लाउड पूर्वाधारमा ठूलो रकम खर्च गरिरहेका छन्। एआईलाई प्रभावकारी रूपमा सञ्चालन गर्न विशाल कम्प्युटिङ क्षमता, पर्याप्त विद्युत्, उच्च क्षमताका चिप र आधुनिक पूर्वाधार आवश्यक पर्ने भएकाले लगानीको आकार पनि निरन्तर बढिरहेको छ। तर यति ठूलो लगानीबाट अपेक्षित आम्दानी र नाफा प्राप्त हुन्छ कि हुँदैन भन्ने विषय अझै सुनिश्चित छैन।

एआई क्षेत्रमा देखिएका तीनवटा प्रमुख चुनौतीलाई विशेष रूपमा बुझ्न आवश्यक छ। पहिलो, डेटा सेन्टर निर्माण र सञ्चालनमा लाग्ने अत्यधिक खर्च हो। यस्ता पूर्वाधार निर्माण गर्न अर्बौं डलर खर्च हुन्छ भने विद्युत्, शीतलीकरण, मर्मतसम्भार र जनशक्तिमा निरन्तर लगानी गर्नुपर्छ। दोस्रो, एआई सेवाको आम्दानी र सञ्चालन खर्चबीचको असन्तुलन हो। प्रयोगकर्ताको संख्या बढ्दै गए पनि शक्तिशाली एआई प्रणाली सञ्चालन गर्न लाग्ने खर्च अत्यधिक हुन सक्छ। निःशुल्क तथा सस्तो सदस्यता सेवाले प्रयोगकर्ता आकर्षित गरे पनि त्यसबाट पर्याप्त नाफा प्राप्त गर्न चुनौती छ। तेस्रो, भविष्यमा मानव क्षमताभन्दा माथिको कृत्रिम बुद्धिमत्ता विकास हुने अपेक्षामा भइरहेको लगानीको प्रतिफल अनिश्चित छ।

यसका अतिरिक्त एआई कम्पनीहरूबीचको चक्रीय लगानीले पनि वित्तीय जोखिम बढाउन सक्छ। एउटा कम्पनी अर्को कम्पनीमा लगानी गर्ने र त्यसपछि त्यही कम्पनीबाट चिप, क्लाउड वा अन्य सेवा खरिद गर्ने अवस्था देखिएको छ। एनभिडिया र ओपनएआई, माइक्रोसफ्ट र एन्थ्रोपिक तथा ओपनएआई र ओराकलबीचका लगानी र व्यावसायिक सम्झौताले यस्तो अन्तरनिर्भरता देखाउँछन्। यस्ता सम्झौता आफैंमा गलत होइनन्। तर कुनै कम्पनीले अपेक्षित आम्दानी गर्न नसके त्यसको असर लगानीकर्ता, आपूर्तिकर्ता र साझेदार कम्पनीसम्म पुग्न सक्छ।

त्यसैले एआई क्षेत्रमा भइरहेको लगानीलाई केवल प्रविधिगत उपलब्धिका आधारमा मूल्याङ्कन गर्नु पर्याप्त हुँदैन। कम्पनीको वास्तविक आम्दानी, नाफा, नगद प्रवाह, ऋणको भार र लगानीको प्रतिफललाई समेत विश्लेषण गर्नुपर्छ। विशेषगरी भविष्यको मागलाई आधार बनाएर निर्माण गरिएका डेटा सेन्टर र खरिद सम्झौताले अपेक्षित परिणाम दिन नसके ठूलो आर्थिक जोखिम निम्तिन सक्छ।

यद्यपि अहिलेको एआई विकासलाई सन् २००० को डट–कम बबलसँग पूर्ण रूपमा तुलना गर्नु पनि उचित हुँदैन। एआईको वास्तविक प्रयोग बढिरहेको छ। विभिन्न व्यावसायिक संस्था, शैक्षिक क्षेत्र र अनुसन्धानमा यसको उपयोगिता प्रमाणित हुँदै गएको छ। इन्टरनेटजस्तै एआईले पनि दीर्घकालीन रूपमा अर्थतन्त्र र समाजमा ठूलो परिवर्तन ल्याउन सक्छ। तर प्रविधि उपयोगी हुँदैमा त्यसमा लगानी गर्ने सबै कम्पनी सफल हुन्छन् भन्ने ग्यारेन्टी हुँदैन।

अहिले आवश्यक कुरा एआईको सम्भावनालाई अस्वीकार गर्नु होइन, लगानीमा वित्तीय अनुशासन कायम गर्नु हो। कम्पनीहरूले वास्तविक माग र आफ्नो आर्थिक क्षमताका आधारमा लगानी विस्तार गर्नुपर्छ। लगानीकर्ताले पनि बजारको उत्साहमा मात्र भर नपरी जोखिमको मूल्याङ्कन गर्नुपर्छ। नियामक निकायले वित्तीय पारदर्शिता र कम्पनीहरूबीचको लगानी तथा व्यावसायिक सम्बन्धलाई सूक्ष्म रूपमा अनुगमन गर्नुपर्छ। एआईको भविष्य उज्ज्वल हुन सक्छ, तर त्यसको आधार अवास्तविक अपेक्षा होइन, वास्तविक उपयोगिता र दिगो आम्दानी हुनुपर्छ। डट–कम बबलले दिएको पाठबाट सिक्दै एआईको विकासलाई जिम्मेवार र सन्तुलित बनाउन सके मात्र यसको लाभ दीर्घकालीन रूपमा मानव समाज र अर्थतन्त्रले प्राप्त गर्न सक्नेछ।

बज्जिका : पुर्खाको विरासत, पुस्ताको पहिचान



रामहरि कार्की

भाषा, बोल्ने माध्यम मात्र होइन। यो एउटा समुदायको इतिहास हो, पुर्खाले छाडेको चिनो हो र पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको जीवनशैली पनि हो। मानिसले आफ्नो सुख–दुःख, प्रेम, पीडा, अनुभव सबैभन्दा सहज रूपमा आफ्नै मातृभाषामा व्यक्त गर्छ। त्यसैले मातृभाषा हराउनु भनेको केही शब्द मात्र हराउनु होइन, एउटा समुदायको पहिचान कमजोर हुँदै जानु हो। भाषा मानवीय सम्पत्ति पनि हो।

नेपालको मधेश प्रदेशमा बोलिने अनेक मातृभाषामध्ये बज्जिका पनि प्रमुख तथा समृद्ध भाषा हो। यस भाषाको आफ्नो लिपि छ, जसलाई कैथी लिपि भन्ने गरिन्छ। यसको आफ्नै ऐतिहासिक पृष्ठभूमि छ। आफ्नै लोकसाहित्य, संस्कृति, परम्परा र सामाजिक जीवन छ। तर करिब तीन हजार बर्ष पुरानो इतिहास र समृद्ध सांस्कृतिक विरासत बोकेको बज्जिका भाषा आज आफ्नो पहिचान र संरक्षणको यात्रामा छ।

बज्जिका भाषाको सम्बन्ध प्राचीन बज्जि गणराज्यसँग जोडिएको मानिन्छ। विश्व इतिहासमा बज्जि गणराज्यलाई प्राचीन लोकतान्त्रिक शासन व्यवस्थाको महत्वपूर्ण उदाहरणका रूपमा लिइन्छ। यसको राजधानी भारतको वैशाली थियो। प्राचीन समयमा वैशाली राजनीतिक, धार्मिक र सांस्कृतिक गतिविधिको महत्वपूर्ण केन्द्र मानिन्थ्यो।

इतिहासका पानामा वैशालीको चर्चा आउँदा भगवान् बुद्ध, जैन धर्मका चौबीसौँ तीर्थङ्कर वर्धमान महावीर र नगरवधू आम्रपालीको नाम पनि जोडिएर आउँछ। महावीरको जन्म वैशालीको कुण्डग्राममा भएको मानिन्छ। भगवान् बुद्धले पनि वैशालीको सुन्दरताको प्रशंसा गरेका थिए। बौद्ध तथा जैन धर्मको इतिहासमा वैशालीको विशेष स्थान छ।

प्राचीन बज्जि गणराज्य आठवटा समुदाय वा राज्यको संघका रूपमा रहेको उल्लेख पाइन्छ। लिच्छवि, विदेह, ज्ञातृक र बज्जि यसका प्रमुख घटक थिए। त्यस समय संसारका धेरै ठाउँमा राजतन्त्रको प्रभाव थियो। तर वैशाली क्षेत्रमा सामूहिक निर्णय र गणतान्त्रिक शासनको अभ्यास भइरहेको थियो। यसले बज्जि भूमिको ऐतिहासिक महत्व अझ बढाएको छ ।

इतिहासकार, यात्रावृत्तान्त लेखक र प्राचीन ग्रन्थहरूमा पनि वैशाली तथा बज्जि संघको चर्चा पाइन्छ। कौटिल्यको अर्थशास्त्रदेखि चिनियाँ यात्री हुएन साङका विवरणसम्म यसको उल्लेख भेटिन्छ। यसरी बज्जि भूमि एउटा भौगोलिक क्षेत्र मात्र होइन, प्राचीन सभ्यता, शासन व्यवस्था र सांस्कृतिक चेतनाको महत्वपूर्ण केन्द्रका रूपमा परिचित छ ।

भाषाभित्र लुकेको इतिहास

बज्जिका भाषाको नाम पनि यही ऐतिहासिक बज्जि भूमिसँग जोडिएको छ। यो भाषा नेपाल र भारतका विभिन्न भूभागमा बोलिन्छ। नेपालमा विशेषगरी मधेस प्रदेशका बारा, रौतहट र सर्लाही जिल्लामा यसको प्रयोग बढी छ। महोत्तरीका केही क्षेत्रमा पनि बज्जिका बोलिन्छ।

भारतको बिहार प्रान्तका वैशाली, मुजफ्फरपुर, पूर्वी तथा पश्चिमी चम्पारण, सीतामढी, शिवहर, समस्तीपुरलगायत क्षेत्रमा बज्जिका भाषी समुदायको बसोबास छ। सीमाको रेखाले भूगोल छुट्याए पनि भाषा र संस्कृतिले दुवै देशका मानिसलाई जोडिरहेको छ।

नेपालमा लामो समयसम्म बज्जिकालाई भोजपुरी वा मैथिली भाषाको कथ्य भेदका रूपमा बुझ्ने गरिएको थियो। राष्ट्रिय जनगणना २०५८ ले पहिलोपटक यसलाई स्वतन्त्र भाषाका रूपमा पहिचान दियो। त्यसपछि यसको छुट्टै भाषिक अस्तित्वबारे अध्ययन र अनुसन्धान हुन थाले।

राष्ट्रिय जनगणनाअनुसार नेपालमा बज्जिका भाषा बोल्नेको सङ्ख्या निरन्तर बढ्दै गएको छ। २०५८ मा २ लाख ३७ हजार ९४७ रहेकामा २०६८ मा बढेर ७ लाख ९३ हजार ४१६ पुगेको थियो। २०७८ को जनगणनामा यो सङ्ख्या ११ लाख ३३ हजार ७६४ पुगेको छ। यो नेपालको कुल जनसङ्ख्याको ३.८९ प्रतिशत हो। तथ्याङ्का आधारमा बज्जिका नेपालमा छैटौँ स्थानमा रहेको भाषा हो ।

बज्जिका भाषाको उत्पत्ति

बज्जिका भाषाको उत्पत्ति भारतको बिहार प्रान्तस्थित वैशाली जिल्लामा भएको मानिन्छ। यसको इतिहास करिब तीन हजार वर्ष पुरानो रहेको बताइन्छ। बिहारको राजधानी पटनाभन्दा उत्तरमा गङ्गा र नारायणी नदीको जलप्रवाह क्षेत्रसँग जोडिएको वैशालीलाई विश्वकै प्राचीन गणतान्त्रिक शासन व्यवस्थाको उद्गमस्थलमध्ये एक मानिन्छ।

बौद्ध ग्रन्थ अङ्गुत्तर निकाय र जैन ग्रन्थ भगवती सूत्रमा उल्लेख भएअनुसार तत्कालीन भारतवर्षमा १८ वटा गणराज्य थिए। तीमध्ये बज्जी संघ पनि एक थियो। यसको राजधानी वैशाली थियो। चिनियाँ यात्री हुएन साङ (सन् ६२९–६४५) ले आफ्नो यात्रा विवरणमा नेपालमा वृजिक राज्य रहेको उल्लेख गरेका छन्। यहाँ वृजिक राज्य भन्नाले लिच्छवि राज्यलाई सङ्केत गरेको हुन सक्ने इतिहासकारहरूको मत छ।

लिच्छविहरू वैशालीबाटै नेपाल उपत्यका प्रवेश गरेको मानिन्छ। भारतीय अनुसन्धानकर्ता डा. सुरेन्द्रमोहन प्रसादले लिच्छवि र बज्जीलाई पर्यायवाचीका रूपमा उल्लेख गरेका छन्। अन्य ऐतिहासिक सन्दर्भमा पनि लिच्छवि र बज्जीबिचको सम्बन्धलाई एउटै वंश वा समुदायका रूपमा व्याख्या गरिएको पाइन्छ।

डा.योगेन्द्र मिश्रको सन् १९६२ मा प्रकाशित पुस्तक 'एन अर्ली हिस्ट्री अफ वैशाली' मा बज्जी संघको अस्तित्व इसापूर्व ७२५ देखि ४८४ सम्म रहेको उल्लेख गरेका छन्। बज्जी संघको स्थापना इसापूर्व ७२५ मा भएको भन्ने मतमा अधिकांश इतिहासकार सहमत देखिन्छन्। यसले बज्जिका भाषाको ऐतिहासिक पृष्ठभूमि प्राचीन बज्जी संघ र वैशालीको सभ्यतासँग जोडिएको देखाउँछ।

आफ्नै मिठास, आफ्नै पहिचान

बज्जिका भाषा बोल्ने मानिसको आफ्नै बोल्ने शैली, शब्द, लय र अभिव्यक्ति छ। एउटै भाषाभित्र पनि ठाउँअनुसार उच्चारण र शब्द प्रयोगमा भिन्नता पाइन्छ। बारा र रौतहटतिर बोलिने बज्जिकामा भोजपुरी भाषाको प्रभाव देखिन्छ। सर्लाही र महोत्तरीतिर भने मैथिली भाषाको छाया पाइन्छ।

भाषिक भिन्नता भए पनि यसले बज्जिकाको मौलिकतालाई कमजोर बनाउँदैन। बरु यसको विविधतालाई देखाउँछ। एउटा नदी विभिन्न ठाउँ हुँदै बग्दा त्यसको स्वरूपमा केही परिवर्तन आए पनि मूल प्रवाह कायम रहेझैं बज्जिका पनि भौगोलिक र सामाजिक परिवेशअनुसार फरकफरक शैलीमा बोलिन्छ।

बज्जिका भाषाको विकास पनि भारोपेली भाषा परिवारको आर्य–इरानेली उपपरिवारअन्तर्गत राखेको छ। यसको विकास मागधी प्राकृत र मागध अपभ्रंशसँग जोडिएको छ। भारतीय भाषाविद् जर्ज ग्रियर्सनले आफ्नो पुस्तक 'लिङ्गिस्टिक सर्वे अफ इन्डिया'मा बज्जिकाबारे चर्चा गरेका छन्। महापण्डित राहुल साङ्कृत्यायनले पनि बज्जिका भाषाबारे लेखेका छन् ।

यसले बज्जिका भाषाको अध्ययन र पहिचानको इतिहासलाई थप महत्वपूर्ण बनाएको छ। भाषाको विकास र वर्गीकरणबारे विद्वान्हरूका फरकफरक धारणा हुन सक्छन्। तर आज बज्जिकाले आफ्नै वक्ता, साहित्य र सांस्कृतिक परम्परासहित स्वतन्त्र पहिचान बनाउँदै गएको छ।

लोकजिब्रोमा बाँचेको साहित्य

कुनै पनि भाषाको वास्तविक शक्ति त्यसका पुस्तकमा मात्र हुँदैन। मानिसको बोली, लोकगीत, कथा, उखान, टुक्का र दैनिक व्यवहारमा पनि त्यसको जीवन बाँचेको हुन्छ। बज्जिका भाषाको साहित्यिक इतिहासमा पनि लोकपरम्पराको ठूलो महत्व छ।

बज्जिकाको प्राचीन साहित्य लिखित रूपमा पर्याप्त सुरक्षित हुन सकेन। समयक्रममा धेरै रचना हराए। कतिपय रचना लोकजीवनमा मौखिक रूपमा मात्र बाँचे। पुस्तौँदेखि गाउँघरमा गाइने गीत, सुनाइने कथा र दोहोरिने लोकउक्तिहरूले यस भाषाको सांस्कृतिक सम्पदालाई जोगाइरहेका छन्।

बज्जिका साहित्यको चर्चा गर्दा कवि हलधर दासको नाम महत्वपूर्ण रूपमा आउँछ। उनले सन् १५६५ तिर 'सुदामा चरित्र' खण्डकाव्य लेखेको उल्लेख पाइन्छ। उनका शिव स्तोत्र र भागवत् भाषाजस्ता कृति पनि चर्चामा छन्।

त्यस्तै सन्त कवि मँगनीरामले सन् १८१५ तिर 'उषाहरण' रचना गरेका थिए। उनका 'मँगनीराम की साखी', 'राम सागर पोथी' र 'अनमोल रतन' जस्ता कृति पनि रहेको छ। उनले लेखेका भजन र साखीहरू लोकजीवनमा प्रचलित छन्। बज्जिका भाषाको नामाकरणबारे प्रा.डा.सुकदेव सिंह, डा. सियाराम तिवारी, प्रा.डा. अवधेश्वर अरुण, देवेन्द्र राकेश र श्रीरङ्ग शाहीलगायतका विद्वान्ले आफ्ना विभिन्न कृतिमा चर्चा गरेका छन्। उनीहरू सबैको मतमा यस भाषाको नाम 'बज्जिका' हो। साथै, यस भाषाको नामाकरण राहुल साङ्कृत्यायनले गरेको उल्लेख छ ।

गयाधर दास, नन्दराम दास, रघुनाथ दास र सहजराम बनियाजस्ता स्रष्टाको नाम पनि बज्जिका साहित्यसँग जोडिन्छ। लोककवि घाघका कृषिसम्बन्धी रचनाहरू आज पनि जनजीवनमा सुनिन्छन्। सन्त कवि मोदलताका विवाह गीत र पदावलीले पनि बज्जिका साहित्यलाई समृद्ध बनाएका छन्। नेपालमा पनि सञ्जय सहनी 'मित्र'ले बज्जिका भाषा संवर्द्धनका लागि विभिन्न पुस्तक प्रकाशन गरेका छन्।

यी नाम र रचनाहरूले बज्जिका भाषा घरपरिवारमा मात्र बोलिने सामान्य भाषा होइन भन्ने देखाउँछन्। यसमा साहित्य सिर्जना भएको छ। धर्म, दर्शन, प्रेम, प्रकृति, कृषि र सामाजिक जीवनका अनेक पक्ष अभिव्यक्त भएका छन्। तर समस्या के छ भने यस्तो साहित्यको ठूलो हिस्सा अझै व्यवस्थित रूपमा सङ्कलन र प्रकाशन हुन सकेको छैन। कतिपय रचनाहरू पुस्तान्तरणसँगै हराउने अवस्थामा छन्। बूढापाकाको स्मृतिमा बाँचेका लोकगीत र कथाहरू नयाँ पुस्तासम्म पुऱ्याउन नसके ती सधैंका लागि हराउन सक्छन्।

गीतमा बाँचेको संस्कृति

लोकगीत कुनै समुदायको जीवन बुझ्ने महत्वपूर्ण माध्यम हो। मानिसको जन्मदेखि मृत्युसम्मका संस्कार, चाडपर्व, विवाह, खेतीपाती, प्रेम र पारिवारिक

–बाँकी तीन पेजमा

‘पुख्यौंली सीपले गुजारा चल्दैन’



महोत्तरी, २६ कार्तिक। पुख्यौंली पेसा नै बदल्नुपर्ने राजनीतिक पहुँचबाट निकै टाढा रहेको डोम जाति समुदायको जीवन गुजाराको पुख्यौंली पेसा बाँसका यिनै सामग्री बुन्नु र सुँगुरपालन हो। महोत्तरीका सबैजसो बस्तीमा धेरथोर बसोबास रहेका डोम बस्तीमा सुँगुरपालन पनि असहज बन्दै गएको ती समुदायका अगुवाको भनाइ छ। “पहिले बस्ती पातलो थियो, एक छेउमा हाम्रो बसोबास हुन्थ्यो, अब बस्ती सबै जातिको छ्यासमिस भयो” सम्सी–६ का सुरेश मरिकले भने, “अन्य धेरैजसो जाति समुदाय सुँगुरसँग परहेज राख्छन् , त्यसैले सुँगुर पालन असजिलो बनेको छ।” आफ्नो भन्ने केही हात लम्बाइ/चौडाइको जग्गामा सुँगुरका खोर नअट्ने र अब खुलापालन गर्न सामाजिक असजिलो बढेपछि यो पेसा छुटेको सुरेश बताउँछन्।

बाँसका चोया र कप्टेरा खेलाउने काम धेरै चल्न छाडेको र सुँगुरपालन सामाजिक रुपमा असहज बन्दै गएपछि डोम जातिका नयाँ पुस्ता किशोरावस्थामै कामका लागि भारत जाने क्रम बढ्दो छ। “अब यहाँ बसेर आफ्नो र जहानपरिवारको पेट पाल्न सकिन्न, त्यसैले पछिल्लो पुस्ता १५/१६ वर्षका भएपछि काम खोज्न भारत जान्छन्”, सोनमा बस्तीका परमेश्वर मरिक भन्छन्, “यहाँ न हाम्रो पुख्यौंली सीपको पेसाले जीवन धान्छ, पेट पाल्न निकै सकस भइरहेको छ, यस्तो अवस्थामा हामीलाई सरकारले हेर्नुपर्छ !”

देशमा तीन/तीन वटा सरकार भएका सुनेको भए पनि आफ्नो बस्तीमा चुनावका बेलामा भोट माग्न आएबाहेक कुनै सरकार नचिनिएको परमेश्वरको गुनासो छ। त्यस्तो गुनासो उक्त जातिका अगुवाले अचेल बाक्लै गर्ने गरेका छन्। औरही–१ दलित बस्तीकी ४५ वर्षीया ललिता मरिकले भनिन्, “मधेसमा हामीजस्ता निम्सरा दलित र गरिब अरु होलान्जस्तो त लाग्दैन, त्यस कारण पनि सरकारले हामीलाई हेर्ने पर्छ।” गौशाला–१२ की अञ्जली मरिकको पनि ललिताको जस्तै गुनासो छ। अहिले मरिक समुदायका अगुवामा छोराछोरी पढाउन पर्ने चेत त खुल्दै गएको छ। तर नानीहरु स्कुल पठाउन पनि आर्थिक समस्याले नै पिरोलेको उनी बताउँछिन्। “हाम्रा नयाँपुस्ताका छोराछोरीलाई स्कुलमा पढ्ने र कमाइ खाने नयाँ सीप गाउँको सरकारले व्यवस्था गरीदिएहुन्थ्यो भन्ने सोनमाका अनारस मरिकको माग छ।

मधेस प्रदेशका बालबालिकामा बहुआयामिक वञ्चितीकरणको समस्या

धनुषा, २६ कार्तिक। मधेस प्रदेशका बालबालिकामा बहुआयामिक वञ्चितीकरणको समस्या देखिएको छ। बहुआयामिक वञ्चितीकरण भन्नाले बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपनी सरसफाइ, आवास र सूचनाको पहुँचजस्ता अधिकारबाट एकै साथ वञ्चित हुने अवस्थालाई बुझाउँछ। राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन अनुसार प्रदेशका २१ दशमलब तीन प्रतिशत बालबालिका विभिन्न प्रकारका अभाव र वञ्चितीकरणबाट प्रभावित छन्। बालबालिकाको स्वास्थ्य, पोषण, शिक्षा तथा समग्र विकासको अवस्थालाई विश्लेषण गर्दा मधेस प्रदेशको स्थिति चिन्ताजनक देखिएको हो।

विशेषगरी पाँच वर्षमुनिका वालबालिकामा कुपोषणको समस्या र साना बालबालिकाले पर्याप्त तथा विविधतायुक्त आहार नपाउने अवस्थाले शारीरिक तथा मानसिक विकासमा चुनौती थपेको छ। मधेस प्रदेशमा पाँच वर्षमुनिका २६ दशमलव दुइ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या देखिएको छ। त्यस्तै, ६ देखि २३ महिनासम्मका ६० दशमलव सात प्रतिशत शिशु तथा बालबालिकाले उमेरअनुसार आवश्यक पर्ने पर्याप्त र विविधतायुक्त आहार पाउन सकेका छैनन्।

बालबालिकाको उमेरअनुसार आवश्यक पोषणयुक्त खाना उपलब्ध नहुँदा उनीहरूको वृद्धि विकास प्रभावित हुने जोखिम रहन्छ। बाल्यावस्थामा हुने पोषणको कमीले तत्कालीन स्वास्थ्यमा मात्र नभई भविष्यमा सिकाइ क्षमता, शारीरिक वृद्धि र सामाजिक अवसर प्राप्त गर्ने क्षमतासमेत प्रभावित गर्न सक्छ।

मधेस प्रदेश नीति तथा योजना आयोगका सदस्य नवल यादवले सम्भावनाले भरिपूर्ण प्रदेशमा बालबालिकाको अवस्था कमजोर रहनु चिन्ताको विषय भएको बताए। उनले बालबालिकाको समग्र विकासका लागि शिक्षा, स्वास्थ्य, पोषण तथा आधारभूत सेवासम्बन्धी कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिए। बालबालिकाको वास्तविक आवश्यकता र समस्यालाई केन्द्रमा राखेर नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्नसके मात्र अपेक्षित सुधार ल्याउन सकिने उनको भनाइ छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका

–बाँकी अन्तिम पेजमा

बज्जिका : पुर्खाको...

सम्बन्ध लोकगीतमा अभिव्यक्त हुन्छन्। बज्जिका समुदायको लोकसंस्कृति पनि यस्तै गीत र परम्पराले समृद्ध छ। घरपरिवारमा गाइने गीत, विवाहका अवसरमा सुनिने भाका, खेतीपातीसँग जोडिएका गीत र चाडपर्वका सांस्कृतिक अभ्यासले यस समुदायको जीवनशैली झल्काउँछन्।

कुनै ठाउँको संस्कृति बुझ्न त्यहाँका मानिसको बोली, व्यवहार, रहनसहन, खानपान र लोकगीत बुझ्नुपर्छ। किनकि लोकगीत मनोरञ्जनको साधन मात्र होइन। यो पुर्खाको अनुभव, समाजको इतिहास र सामूहिक भावनाको अभिव्यक्ति हो। मानिसले आफ्ना सुख–दुःखलाई गीतमा उतार्छ। खेतमा काम गर्दा गाइने भाकामा श्रमको कथा हुन्छ। विवाह गीतमा पारिवारिक सम्बन्ध र भावनाको चित्र हुन्छ। चाडपर्वका गीतमा सामूहिक खुसी र धार्मिक विश्वास जोडिएका हुन्छन्।

संरक्षणको जिम्मेवारी कसको ?

नेपाल बहुभाषिक र बहुसांस्कृतिक देश हो। यहाँ विभिन्न जातजाति, धर्म र समुदायका मानिस आ–आफ्नो भाषा, संस्कृति र परम्परासहित बसोबास गर्छन्। यही विविधता नेपालको पहिचान हो। नेपालको संविधानको धारा ६ ले नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषाका रूपमा मान्यता दिएको छ, जसले बज्जिकाजस्ता मातृभाषाको संरक्षण, संवर्द्धन र विकासको संवैधानिक आधार सुनिश्चित गरेको छ।

सबै भाषा र संस्कृतिको संरक्षण गर्नु राष्ट्रिय जिम्मेवारी हो। कुनै भाषा सानो वा ठूलो हुँदैन। कम भाषी हुँदैमा त्यसको महत्व घट्दैन। प्रत्येक मातृभाषाले मानव सभ्यताको विकासमा आफ्नै योगदान पुऱ्याएको हुन्छ। बज्जिका भाषाले नेपालको जनगणनामा छुट्टै पहिचान पाएको छ। मधेस प्रदेशमा सरकारी कामकाजको भाषाका रूपमा समेत मान्यता प्राप्त गरेको छ। यो सकारात्मक उपलब्धि हो। तर भाषाले मान्यता पाउँदैमा मात्र त्यसको संरक्षण हुँदैन।

भाषा विद्यालयमा पढाइनुपर्छ। बालबालिकाले घरमा आफ्नै मातृभाषा बोल्ने वातावरण पाउनुपर्छ। लोकसाहित्य सङ्कलन र प्रकाशन हुनुपर्छ। भाषाका पुराना शब्द, उखान, टुक्का, गीत र कथाको अभिलेखीकरण गर्नुपर्छ। आमसञ्चारमा यसको प्रयोग बढाउनुपर्छ।

विशेषगरी नयाँ पुस्तालाई आफ्नो मातृभाषाप्रति गर्व गर्न सिकाउनु आवश्यक छ। मातृभाषा बोल्दा हीनताबोध होइन, आत्मसम्मानको अनुभूति हुनुपर्छ। घरभित्र बालबालिकासँग मातृभाषामा संवाद गर्ने बानी बसाल्नुपर्छ। किनकि भाषा पुस्तान्तरण हुन सकेन भने त्यसको अस्तित्व क्रमशः कमजोर हुँदै जान्छ। बज्जिका भाषाको संरक्षणका लागि यसको इतिहास र साहित्यको व्यवस्थित अनुसन्धान पनि उत्तिकै आवश्यक छ। पुराना हस्तलिखित ग्रन्थ खोज्नुपर्छ। मौखिक रूपमा बाँचेका लोकसाहित्य सङ्कलन गर्नुपर्छ। नयाँ पुस्ताका लेखक र स्रष्टालाई सिर्जनाका लागि प्रोत्साहित गर्नुपर्छ।

भाषा बाँचे पहिचान बाँच्छ

एउटा समुदायको पहिचान उसको पोसाक, खानपान र रहनसहनमा मात्र सीमित हुँदैन। उसको भाषामा पनि त्यो पहिचान गहिरोसँग बसेको हुन्छ। मातृभाषामा पुर्खाको कथा हुन्छ। बाल्यकालका सम्झना हुन्छन्। आमाको माया हुन्छ। गाउँघरको सुगन्ध हुन्छ।

बज्जिका भाषामा पनि यस्तै जीवन्तता छ। यसको इतिहासमा प्राचीन बज्जि गणराज्यको गौरव जोडिएको छ। साहित्यमा सन्त कवि र लोकस्रष्टाको योगदान छ। लोकसंस्कृतिमा पुस्तौँदेखिको अनुभव र परम्परा सुरक्षित छ। तर इतिहासको गौरवमा मात्र रमाएर हुँदैन। वर्तमानमा भाषालाई जीवन्त बनाउनुपर्छ। नयाँ पुस्ताले बोल्नुपर्छ। पढ्नुपर्छ। लेख्नुपर्छ। गीत गाउनुपर्छ। साहित्य सिर्जना गर्नुपर्छ।

आज बज्जिका भाषी समुदायका लाखौँ मानिसले आफ्नो दैनिक जीवनमा यो भाषा प्रयोग गरिरहेका छन्। उनीहरूको बोलीमा बज्जिकाको मिठास छ। उनीहरूको संस्कारमा यसको संस्कृति छ। उनीहरूको स्मृतिमा पुर्खाको इतिहास छ।

आखिर भाषा मरेपछि शब्द मात्र हराउँदैनन्। त्यससँगै हराउँछन् पुर्खाका कथा, लोकगीतका भाका, जीवनका अनुभव र एउटा समुदायको मौलिक पहिचान। बज्जिका भाषा जीवन्त रहनु भनेको इतिहासको एउटा महत्वपूर्ण अध्याय जीवन्त रहनु हो। रातोपाटीबाट

बिरयानी हाउसलाई...

सम्बन्धी मापदण्ड उल्लंघन गरेको पाइएपछि जरिवाना गरिएको जिल्ला प्रशासन कार्यालय, पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण थापाले जानकारी दिए।

कारागारबाट फरार...

सफल भएको हो। प्राविधिक यन्त्रको विश्लेषणमा भारतको आदापुरबाट दिउँसो १ बजे समातिएको पर्सा प्रहरी प्रमुख एसपी पवन भट्टराईले बताए। एसपी भट्टराईका अनुसार सीसीटीभीको अध्ययन तथा अन्य प्राविधिक सपोर्टको विश्लेषणपछि स्पेसल टोली खटाइएको थियो।

डिएसपी मल्लको नेतृत्वमा खटिएको टोलीले करिब ५ घण्टामै वालबाट हाम फालेर फरार कैदी तुरहालाई नियन्त्रणमा लिन सफलता मिलेको एसपी भट्टराईको भनाइ छ। बिहीबार बिहान सरसफाइ गर्ने बेलामा कारागारको हाम फालेर तुरहा फरार भएका थिए।जबरजस्ती करणी मुद्दामा उनी ११ वर्षदेखि जेल सजाय भोगिरहेका छन्।

भीमफेदी दुर्घटना : १० जनाको मृत्युपछि सर्लाहीको सुन्दरपुर गाउँ शोकमा



जनार्जन खत्री

सर्लाही, २६ कार्तिक। मकवानपुरको भीमफेदी गाउँपालिका-६, चिसापानीगढीमा बिहीबार बिहान भएको इभी हायस गाडी दुर्घटनामा एकै गाउँका १० जनाको मृत्यु भएपछि सर्लाहीको चक्रघट्टा गाउँपालिका-४, सुन्दरपुर गाउँ शोकमा डुबेको छ। छठ मनाउन काठमाडौँबाट राति नै गाउँ फर्कदै गरेकाहरु बिहीबार बिहानीपख दुर्घटनामा परेका हुन्। काठमाडौँमा फलफूल बेच्नेसहित अन्य व्यापार गर्न बसेकाहरु छठ पर्व मनाउन मधेश प्रदेश ०३-००१ ज ०८८० नम्बरको हायस गाडी रिर्जभ गरेर सर्लाहीस्थित घरतर्फ आउनेक्रममा दुर्घटनामा परेका चक्रघट्टा गाउँपालिकाका अध्यक्ष कृष्ण यादवले जानकारी दिनुभयो।

दुर्घटनाबारे जानकारी पाएपछि आफू घटनास्थलतर्फ गइरहेको गाउँपालिका अध्यक्ष यादवले बताउनुभयो। उहाँले टेलिफोनमा भन्नुभयो, "दुर्घटनाबारे जानकारी पाएपछि घाइतेलाई भेट्न र मृतकको पहिचानका लागि आफन्तसँगै म पनि हेटौँडा आएको छु।" मृतकहरुको नामावलीसहितको विस्तृत विवरण खुल्न बाँकी नै रहेको गाउँपालिका अध्यक्ष यादवले बताउनुभयो। दुर्घटनाको समाचार थाहा पाएदेखि नै सदरमुकाम मलङ्कवादेखि करिब ६ किलोमिटर पश्चिमतर्फ पर्ने सुन्दरपुर गाउँ शोकमा डुबेको छ।

चक्रघट्टा गाउँपालिका निवासी पत्रकार सुनिल ठाकुरले मधेशको प्रमुख पर्व छठमा सुन्दरपुर गाउँमा रुवावासी चलेको बताउनुभयो। उहाँले भन्नुभयो, "दुर्घटनामा को-को परे भन्ने अन्यौल र रुवावासी छ।" जिल्ला प्रहरी कार्यालय सर्लाहीले बिहीबार दिउँसो सूचना जारी गर्दै भीमफेदीको उक्त दुर्घटनामा १० जनाको मृत्यु भएको र अन्य तीन जना घाइते भएका उल्लेख गरेको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले मकवापुर प्रहरीले जानकारी दिए अनुसार दुर्घटनामा घाइते भएका तीन जनाको हेटौँडा अस्पतालमा उपचार भइरहेको जानकारी दिनुभयो।

सुन्दरपुर गाउँकै ३३ वर्षीय मुकेश यादव, पाँच वर्षीय सक्षमकुमार यादव र तीन वर्षीय सुदन यादव घाइते छन्। मृतकको परिचय प्राप्त नभएको प्रहरी नायब उपरीक्षक गौतमले बताउनुभयो। मृतक तीन बालिकासहित पाँच महिला र पाँच जना पुरुष रहेका छन्। काठमाडौँ-कुलेखानी-भीमफेदी सडक भएर सर्लाही आउँदै गरेको हायस सडकबाट करिब ५०० मिटर तल भीरमा खसेको नेपाल प्रहरीले जारी गरेको सूचनामा उल्लेख छ। दुर्घटनास्थल अत्यन्त विकट र भीरमा रहेको प्रत्यक्षदर्शीले बताएका छन्।

मोटरसाइकललाई ठक्कर दिएर युवकको ज्यान लिई फरार चालक दुई वर्षपछि पक्राउ

धनुषा, २६ कार्तिक। जनकपुर-ढल्केवर सडकखण्डमा मोटरसाइकललाई ठक्कर दिएर चालकको ज्यान लिई फरार भएका एक कार चालकलाई प्रहरीले दुई वर्षपछि पक्राउ गरेको छ। पक्राउ पर्नेमा धनुषाको कमला नगरपालिका-८, सोनपारा टोल बस्ने २५ वर्षीय शिवशंकर यादव छन्। २०८० चैत १३ गते बिहान अन्दाजी सवा ६ बजे धनुषाको लक्ष्मीनिया गाउँपालिका-६ स्थित सेन्ट्रल अस्पताल अगाडि दुर्घटना भएको थियो। यादवले चलाएको 'डीएल १२ सी ०९४४' नम्बरको भारतीय कारले 'प्रदेश २-०२-००४ प ६९४७' नम्बरको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिएको थियो।

ठक्करबाट महोत्तरीको लोहारपट्टी नगरपालिका-४, खुट्टा टोलका २५ वर्षीय मोटरसाइकल चालक रामबाबु साह गम्भीर घाइते भएका थिए। जोगी साह सोनारका छोरा साहको उपचारका क्रममा मृत्यु भएको थियो। दुर्घटना गराएपछि कार चालक यादव घटनास्थलबाटै गाडी छाडेर फरार भएका थिए। उनको खोजीमा जुटेको इलाका प्रहरी कार्यालय महेन्द्रनगरको प्रहरी टोलीले उनी सिराहाको मिर्चैयामा लुकिछिपी बसिरहेको पत्ता लगाएको थियो।

इलाका प्रहरी कार्यालय मिर्चैयासँग समन्वय गरी प्रहरी टोलीले यादवलाई कार्तिक २५ गते दिउँसो ३:२० बजे मिर्चैयाबाट नियन्त्रणमा लियो। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार पक्राउ परेका यादवमाथि 'सवारी ज्यान मुद्दा' अन्तर्गत प्रचलित कानुनबमोजिम म्याद थप गरी आवश्यक अनुसन्धान तथा कानुनी कारबाही अगाडि बढाइएको छ।

मधेस प्रदेशका ...

तथ्याङ्क अधिकारी ढुण्डीराज लामिछानेले बहुआयामिक वञ्चितीकरण न्यूनीकरणका लागि शिक्षा, स्वास्थ्य र खानेपानीमा पहुँच विस्तारसँगै डिजिटल साक्षरतामा समेत ध्यान दिनुपर्ने बताए। उनका अनुसार बालबालिकाको जीवनस्तर सुधार गर्न आधारभूत सेवाको उपलब्धता र पहुँच सुनिश्चित गर्नु आवश्यक छ। आर्थिक रूपमा विपन्न परिवारका बालबालिका तथा कम शैक्षिकस्तर भएका आमाका सन्तान बहुआयामिक वञ्चितीकरणको बढी जोखिममा रहने गरेको देखिएको छ।

परिवारको आर्थिक अवस्था, आमाको शैक्षिक स्तर र आधारभूत सेवाको उपलब्धताले बालबालिकाको स्वास्थ्य, पोषण तथा शैक्षिक अवसरमा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ। गरिबी, पोषणयुक्त खानाको अभाव, स्वास्थ्य सेवामा सीमित पहुँच र शिक्षाको कमजोर अवस्थाले बालबालिकाको बिकासमा समस्या सिर्जना गर्ने गरेका छन्। बालबालिकाको अवस्था सुधारका लागि तथ्याङ्कमा आधारित योजना निर्माण, पोषण तथा स्वास्थ्य सेवाको विस्तार, गुणस्तरीय शिक्षामा पहुँच र सुरक्षित खानेपानीको व्यवस्था महत्त्वपूर्ण पक्ष हुन्। बालबालिकाको पोषण, स्वास्थ्य, शिक्षा र संरक्षणलाई प्राथमिकतामा राखेर लगानी गर्नुपर्ने आवश्यकता तथ्याङ्कले औँल्याएको छ।

उनीहरुको वञ्चितीकरण घटाउन समयमै प्रभावकारी कदम चाल्न नसके यसको असर आगामी पुस्ताको स्वास्थ्य, शिक्षा र समग्र मानव विकासमा समेत पर्ने देखिन्छ। राष्ट्रिय तथ्याङ्क कार्यालय (एनओसी) र युनिसेफ नेपालले सन् २०२६ सेप्टेम्बरमा सार्वजनिक गरेको प्रतिवेदनअनुसार नेपालको २१ दशमलव चार प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणमा रहेको देखाएको छ ।

गोरैता-जयनगर-हरनहिया सडकखण्डको मर्मतमा जुट्यो मौलापुर नगरपालिका

रौतहट, २६ कार्तिक। हुलाकी राजमार्गअन्तर्गत रौतहटको गोरैता-जयनगर-हरनहिया सडकखण्डको मर्मत तथा निर्माण कार्य मौलापुर नगरपालिकाले सुरु गरेको छ। संघीय सरकारको कार्यक्षेत्रभित्र पर्ने राष्ट्रिय महत्वको सडक लामो समयदेखि जीर्ण अवस्थामा रहे पनि सम्बन्धित निकायबाट मर्मतमा चासो नदेखाइएको भन्दै मौलापुर नगरपालिकाकी प्रमुख रिनाकुमारी साहको पहलमा काम अघि बढाइएको हो।

गोरैता-जयनगर-हरनहिया हुँदै कलैया र वीरगन्जसम्म जोडिने उक्त सडक चाडपर्वका बेला अत्यधिक व्यस्त हुने मार्गमध्ये एक हो। सडक जीर्ण हुँदा स्थानीय बासिन्दा, यात्रु तथा सवारी चालकले लामो समयदेखि सास्ती खेप्दै आएका छन्। सडक मर्मतका लागि स्थानीय सरकारले पहल गरेपछि यस क्षेत्रका सांसद रवीन्द्र पटेल (धिरज) को भूमिकामाथि पनि प्रश्न उठाइएको छ। पटेलको घरसमेत मौलापुरको सोनरनियामा पर्छ। आफ्नै गाउँ र निर्वाचन क्षेत्रसँग जोडिएको महत्वपूर्ण सडकको समस्या समाधानका लागि संघीय सरकारबाट आवश्यक बजेट र कार्यक्रम सुनिश्चित गराउन उनले प्रभावकारी पहल गर्न नसकेको स्थानीयको आरोप छ।

संघीय सरकारको नेतृत्व आफ्नै पार्टीले गरिरहेको अवस्थामा समेत सडकको समस्या समाधान हुन नसक्नु विडम्बनापूर्ण भएको मौलापुर नगरपालिका-५ का स्थानीय सुनिल साहले बताए। 'संघीय सरकारको मातहतमा रहेको आफ्नै गाउँको सडक निर्माण गराउन नसक्ने, तर अरूमाथि आरोप लगाउँदै हिँड्ने प्रवृत्ति जिम्मेवारीबाट पन्छिने काम मात्रै हो,' साहले भने।

उनका अनुसार उक्त सडक मर्मत तथा निर्माणका लागि हरेक वर्ष करोडौँ रुपैयाँ विनियोजन हुने गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। सडकको अवस्था सुधार गर्न आवश्यक बजेट र स्रोत परिचालनका लागि पहल नहुनु दुःखद भएको उनको भनाइ छ। साहले जनताको दैनिक आवागमनसँग प्रत्यक्ष जोडिएको सडक निर्माणमा राजनीतिक आरोप-प्रत्यारोपभन्दा परिणाममुखी पहल आवश्यक रहेको बताए। आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले स्थानीय सरकारले विकासमा लिएको पहल प्रशंसनीय रहेको बताए।

वीरगञ्ज नाकाबाट खाद्यान्न आयात ६३ प्रतिशतले घट्यो



पर्सा, २६ कार्तिक। चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा वीरगञ्ज नाका हुँदै हुने खाद्यान्न आयात अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब ६३ प्रतिशतले घटेको छ। वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको साउनदेखि असोजसम्ममा चामल, मकै, गहुँ, धान, माल्ट, फापर, कोदोलगायत खाद्यान्न तीन करोड १६ लाख ४० हजार किलो आयात भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा आठ करोड ७० लाख ४७ हजार किलो खाद्यान्न आयात भएको थियो।

भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीका अनुसार चालु आवको पहिलो तीन महिनामा ६७ लाख ७३ हजार ६२९ किलो चामल आयात भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा ९४ लाख एक हजार किलो चामल आयात भएको थियो। चामल आयातको मूल्यसमेत अघिल्लो वर्षको ८९ करोड ८१ लाख रुपैयाँबाट घटेर चालु आवमा ७० करोड रुपैयाँमा झरेको छ। धान आयातमा पनि उल्लेख्य कमी आएको छ। अघिल्लो आर्थिक वर्षको पहिलो त्रैमासिकमा तीन करोड ९१ लाख किलो धान आयात भएकामा चालु आवको सोही अवधिमा ६९ लाख ३५ हजार ४६० किलो मात्रै आयात भएको छ। धान आयातको मूल्य अघिल्लो वर्ष एक अर्ब ४६ करोड २८ लाख रुपैयाँ रहेकामा चालु आवमा घटेर ३३ करोड ३५ लाख रुपैयाँमा सीमित भएको छ।

त्यस्तै, मकै आयात पनि घटेको छ। अघिल्लो आर्थिक वर्षको पहिलो तीन महिनामा तीन करोड ३६ लाख १२ हजार ८१० किलो मकै आयात भएकामा चालु आवमा ६७ लाख ३६ हजार ४३७ किलो मात्रै आयात भएको छ। मकै आयातको मूल्यसमेत अघिल्लो वर्षको एक अर्ब ८० करोड १३ लाख रुपैयाँबाट घटेर ६० करोड ९८ लाख रुपैयाँमा झरेको भन्सार कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

फापर, कोदो तथा अन्य खाद्यान्नको आयातमा पनि कमी आएको छ। अघिल्लो आर्थिक वर्षको पहिलो तीन महिनामा २३ लाख ४१ हजार ६५५ किलो आयात भएकामा चालु आवको सोही अवधिमा घटेर १६ लाख ४० हजार ५५५ किलोमा सीमित भएको भन्सार कार्यालयले जनाएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)